अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## बर्डफ्लूको संक्रमण सामना गर्न विश्व बैंकको अनुदान सहयोग

वाशिंगटन, माघ ५, २०६३ । विश्व बैंकले मानवका लागि प्राणघातक मानिएको बर्डफ्लू रोगको संक्रमणलाई न्युनीकरण गर्ने नेपाल सरकारको प्रयासमा सघाउ पुर्‍याउन नेपाललाई १ करोड ८२ लाख अमेरिकी डलर अनुदान प्रदान गर्ने भएको छ । सो सम्बन्धी अनुदान प्रस्ताव आज वाशिंगटन डि.सी.मा आयोजित बैंकका कार्यकारी निर्देशकहरुको बैठकबाट अनुमोदन भएको हो ।

पंक्षीहरुमा लाग्ने संक्रामक रोग नियन्त्रणसम्बन्धी एक परियोजनाअन्तर्गत यो अनुदान रकम खर्च हुनेछ । परियोजनाले खासगरी घरपालुवा पंक्षीहरुबीच संक्रमण हुने बर्डफ्लू रोगका साथै पंक्षीबाट मानिसमा हुने यसको संभावित संक्रमणलाई रोकथामतर्फ प्रयास केन्द्रीत गर्नेछ । विशेषतः परियोजनाले संक्रमणको महामारी तथा त्यसबाट उत्पन्न हुनसक्ने आपतकालीन स्थितिको सामना गर्ने योजना राखेको छ । परियोजनाले रोकथाम, तयारी तथा योजना र उपचार तथा नियन्त्रण गरी तीन किसिमले संक्रमणको सामना गर्ने रणनीतिक लक्ष्य राखेको छ ।

**नेपालका लागि विश्व बैंकका निर्देशक केन ओहाशी**ले भन्नुहुन्छ, 'परियोजनाले रोगको चाप, त्यसबाट हुने आर्थिक नोक्सानी, मानिसमा सर्नसक्ने जोखिम र मानवमा हुने संक्रमणका कारण उत्पादकत्वमा हुने ह्रास न्युनीकरण गर्ने उद्देश्य राखेको छ । उहां भन्नुहुन्छ, 'सरकारले जिम्मेवारीपूर्ण ढङ्गले यसको रोकथाम र नियन्त्रणको पूर्वतयारी गरेको छ । आशा छ एच.आई.भी. एड्स तथा भूकम्प जस्ता अन्य जोखिमबाट पनि जोगिन यस्तै त्यारी गर्ने छ' ।

परियोजनाले भयाभय संक्रमणको संभाव्य असर तथा जोखिम, आफ्नो सुरक्षा आफै गर्ने उपायहरु र उपचार स्रोतका बारे सर्वसाधारणमा सचेतना तथा जानकारी बढाउने सूचना तथा संचारसंग सम्बद्ध गतिविधिहरुलाई टेवा पुऱ्याउनेछ । संचार सम्बन्धी प्रयासहरुले पंक्षीपालक किसानहरुलाई बर्डफ्लू रोगका लक्षणहरु पहिचान गर्न, रोगग्रस्त पंक्षीहरुलाई सुरक्षित रुपमा नष्ट पार्न एवं आफू र आफ्ना परिवारका सदस्यहरुलाई संक्रमणबाट जोगाउन अपनाइनुपर्ने कदमहरुका बारे जानकारी दिने लक्ष्य लिएको छ ।

किसानहरु संक्रमणग्रस्त पक्षीहरुलाई नष्ट गर्न बाध्य हुनुपर्ने अवस्था आएमा बर्डफ्लूबाट प्रभावित अन्य देशहरुमा झैं परियोजनाले उनीहरुलाई क्षतिपुर्तिस्वरुप शोधभर्ना दिने उपायहरु पनि अवलम्वन गर्नसक्नेछ ।

*'उत्तरमा चीन र दक्षिणमा भारतमा रोग फेला परिसकेको छ, र दुवै मुलुकबीच अवस्थित नेपाल एक स्थानबाट अर्को स्थानमा बसाइ सर्ने चराचुरुंगीको मार्गमा पर्छ'* भन्दै **विश्व बैंकका बरिष्ट कृषि अर्थशास्त्री तथा परियोजना टोलीका सहनेता डानियल सेलेन**को विचार छ, 'नेपालमा अहिलेसम्म मानिस र पंक्षीमा बर्डफ्लू पाइएको छैन, तर यो उच्च जोखिममा पर्ने मुलुक भएकोले त्यसबारे सतर्क रहनु आवश्यक छ ।'

*'बर्डफ्लूबाट खासै धेरै संख्यामा मानिसहरु ग्रसित भएको नपाइए पनि यो रोगले आक्रान्त मानिसहरुमा भने रोगको असर प्राणघातक भएको र उपचार पनि महंगो भएको'* **विश्व बैंकका बरिष्ट स्वास्थ्य विज्ञ तथा परियोजना टोलीका सहनेता सुन्दरराजन गोपालन**ले बताउनुभएको छ । *'अन्य देशहरुका अनुभवमा रोगग्रस्त पक्षीहरुको संसर्गबाट मानिसहरुमा रोग सर्ने गरेको पाइएको छ, तापनि जीवाणु रुपान्तरण भई मानिसहरुबीच एकआपसमै पनि रोग सर्नसक्ने संभावनालाई इन्कार गर्न सकिदैन । यस्तो भएमा रोगको संक्रमण तीब्र गतिमा फैलेर महामारीको रुप धारण गर्नसक्छ । यसैले हालसम्म नेपालमा बर्डफ्लूको एउटै केस फेला नपरे पनि यसबाट नेपाल पनि प्रभावित हुनसक्छ'* **गोपालन**को धारणा छ ।

**सेलेन**का अनुसार पंक्षीरोगको संक्रमणबाट नेपालले आफूलाई जोगाउन नसक्ने होइन, तर यो परियोजनाले सुक्ष्म रुपमा अनुगमनका साथै समस्या समाधानका लागि आवश्यक क्षमता

अभिवृद्धि गर्नेछ, जसले भविष्यमा यस रोगबाट हुनसक्ने संभाव्य खतराको सामना गर्न पूर्वतयारीका साथ रहन मद्दत पुऱ्याउनेछ। यस प्रकारको क्षमता अभिवृद्धिबाट अरु किसिमका संक्रामक रोगहरुको पहिचान र व्यवस्थापनमा पनि सघाउ पुग्नजाने कुरा **गोपालन**ले बताउनुभयो।

विश्व बैंकको सहुलियतपूर्ण सहयोग प्रदान गर्ने अंगका रुपमा रहेको अन्तर्राष्ट्रिय विकास संस्थाबाट परियोजनाका लागि यो अनुदान प्राप्त हुनेछ।

नेपालमा बैंकका कार्यहरुबारे थप जानकारीका लागि कृपया#http://www.worldbank.org.np#मा हेर्नोस् ।